आज मिति २०७८।१०।२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री पदम बहादुर अर्याल क्षेत्री | का.वा.वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

खिम नारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपा
प्रमुख प्रशासकी

खिम नारायण मानन्धर
अध्यक्ष

प्रमुख प्रशासकीय

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | इन्दिरा न्यौपाने | हरिनास गाउपालिका कार्यालय |
| | सन्दिप लम्साल | हरिनास गाउपालिका कार्यालय |

**निर्णय नं १** आ.व. २०७८।०७९ का लागी समपुरक र विशेष अनुदानका लागी प्राप्त रकम नपुग हुने भएकोले प्रशासकीय भवन निर्माणका लागी थप रकम सम्वन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** चालु आवका लागी हरिनास गाउँपालिका भित्र रहेका पशु पन्छि समेतलाइ उपचार गर्नु पर्ने भएकोले सो उपचारमा लाग्ने आवश्यक औषधी खरिदका लागी कृषि तथा पशु कार्यक्रमका लागी रु पाचँलाख रुपैया बिनियोजन गर्ने र सो रकम बराबरको औषधी खरिद गरि ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३** निकट भविष्यमा संचालन हुन लागेको राष्ट्रिय परिचय पत्रमा रुजु अधिकारीका लागी सम्वन्धित वार्ड कार्यालयका सचिवलाइ जिम्मेवारी दिने र वार्ड नं. ७ का लागी यस कार्यालयका ना सु नोलवहादुर थापालाइ रुजु अधिकारी तोक्ने साथै राष्ट्रिय परिचय पत्रका लागी खटि आउने टोलीका लागी सम्वन्धित वार्डका रुजु अधिकारीले खाना खाजा र बासको व्यवस्थापन मिलाउने उक्त कार्यका लागी अतिथि सत्कार वा कार्यक्रम शिर्षबाट प्रति वार्ड रु साठीहजारले नवढने गरी जम्मा रु चारलाख बिसहजारमा बरावरको खर्च गर्ने अधिकार सम्वन्धित वार्ड सचिवलाइ दिने र सो को विल भरपाइ कार्यालयमा पेश गरे पश्चात रकम सम्वन्धित वार्डको सचिवलाइ भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४** हरिनास गाउपालिका वार्ड नं. २ बस्ने नरवहादुर थापाको छोरा टोपवहादुर थापालाइ क्यान्सर रोग लागी उपचार गराउनु पर्ने भएकोले रु ५००००।- र हरिनास गाउँपालिका वार्ड नं. १ बस्ने भद्र वहादुर मान्नधरलाइ मुटु रोग लागेकोले सो उपचारका लागी रु ५००००।- रुपैया आर्थिक सहायता गर्ने निर्णय गरियो ।

खिम नारायण मानन्धर
अध्यक्ष

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

realme Shot on realme 9 108MP